**चेलीबेटी बेचविखनसम्बन्धी अभिसन्धि : कार्यान्वयन कहिले हुने ?**
सुशील भट्टराई

'नहुने मामाभन्दा कानो मामा निको' भन्ने उखान यतिखेर नेपालको नागरिक समाजमाझ अझ विशेषगरी नेपालका महिला अधिकारवादी कार्यकर्तामाझ चरितार्थ हुन पुगेको छ । पुस २१ र २२ गते काठमाडौंमा सम्पन्न एघारौं दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) को शिखर सम्मेलनले वर्षौं पुरानो सामाजिक रोगको रूपमा रहेको चेलीबेटी बेचविखन तथा ओसारपसारविरुद्ध एउटा अभिसन्धि पारित गरेपछि यस क्षेत्रका सक्रिय महिला अधिकारवादी कार्यकर्तामाझ एउटा नयाँ आशा पलाएको छ । चेलीबेटी बेचविखनविरुद्ध सक्रिय संस्था एबीसी नेपालका अध्यक्ष दुर्गा घिमिरे भन्नुहुन्छ– 'सार्कका सदस्य राष्ट्रहरूले चेलीबेटी बेचविखनजस्तो जघन्य अपराधलाई वर्षौंदेखि बेवास्ता गर्दै आएका थिए । तर ढिलै भए पनि यो अपराधविरुद्ध सातवटै राष्ट्रहरूले सामूहिक प्रतिबद्धता जनाएका छन् । यसबाट हामीलाई प्रशस्त आशा जागेको छ ।'

सार्क राष्ट्रहरूद्वारा पारित गरिएको उक्त १४ बुँदे अभिसन्धिमा चेलीबेटी बेचविखन समस्यालाई धेरै नजिकबाट चियाउन खोजिएको छ । उक्त कार्यलाई दक्षिण एसियाली देशहरूले पहिलोपटक गम्भीर अपराधको रूपमा स्वीकार्दै वेश्यावृत्तिको लागि गरिने अवैध ओसारपसारलाई रोक्न द्विपक्षीय मुलुकबीच सहयोगको आदानप्रदान गर्ने, बेचिएका चेलीहरूको पुनर्स्थापना गर्ने, बेचविखनमा संलग्न अपराधीलाई सुपुर्दगी गर्नेलगायतका प्रावधानलाई अभिसन्धिमा समेट्ने प्रयास गरिएको छ । तर अभिसन्धिको कार्यान्वयन पक्षबारे आशंका गर्ने ठाउँ प्रशस्त रहेको दाबी गर्दै बालविकास समाजका अध्यक्ष शरद शर्मा भन्नुहुन्छ– 'प्रजातन्त्र पुनर्स्थापनापछिको १२ वर्षमा हाम्रो देशले झण्डै २ दर्जन अन्तर्राष्ट्रिय सन्धि-महासन्धिहरूमा हस्ताक्षर गरिसकेको छ । तर तिनीहरूको कार्यान्वयन पक्ष ज्यादै नाजुक रहेको हुँदा उक्त अभिसन्धि प्रभावकारी रूपमा कार्यान्वयन हुने कुरामा प्रशस्त आशंका उब्जिएको छ ।' एक अनौपचारिक तथ्यांकअनुसार नेपालबाट वर्षेनी पाँच-छ हजारको संख्यामा चेलीबेटी छिमेकी मुलुक भारतलगायतका मुलुकहरूमा अवैध ढंगले पुऱ्याइन्छ । त्यति नै संख्यामा बंगलादेशबाट पाकिस्तान, श्रीलंकाबाट भारतमा बेचविखनका लागि ओसारपसार गरिने बताइएको छ । सार्कका सदस्य राष्ट्रहरू भुटान र माल्दिभ्सबाहेक अन्य पाँचवटै राष्ट्रमा यो समस्याले वर्षौंदेखि जरो गाड्दै आएको छ ।

सार्क राष्ट्रहरूमा चेलीबेटीको अवैध ओसारपसार मुख्यतः यौन शोषणकै निम्ति हुने गरेको ठहर अभिसन्धिले गरेको छ । तर एबीसी नेपालकी अध्यक्ष दुर्गा घिमिरे उक्त ठहर अपर्याप्त रहेको दाबी गर्नुहुन्छ । उहाँ भन्नुहुन्छ– यो क्षेत्रमा यौन शोषणका अतिरिक्त मृगौला बेचविखन, विवाह, घरेलु कामदार आदि कार्यका लागिपनि चेलीबेटी ओसारपसार भएका छन् । समस्याको पहिचान गर्न उक्त अभिसन्धिले अझै सकेको देखिँदैन । एउटा उल्लेखनीय तथ्यांक के छ भने, बेचिएका चेलीबेटीको अध्ययन-अनुसन्धान गर्दा ९७ प्रतिशत निरक्षर छन्, जसलाई राम्रो जागिर दिलाइदिने निहुँमा प्रशस्त पैसा दिने लोभमा सजिलै सीमा वारपार गराउने गरिएको छ । यो अभिसन्धि कार्यान्वयन गराउन पठाउने राष्ट्र र प्राप्त गर्ने राष्ट्रबीच प्रशस्त सहमति र सहयोगको आदानप्रदान आवश्यक पर्ने कुरा सार्क मन्त्रिपरिषद्का अध्यक्ष एवं अर्थमन्त्री डा. रामशरण महत बताउनुहुन्छ । यसको लागि एउटा विशेष कार्यदल गठन गर्नु आवश्यक छ र सार्कका महासचिवलाई हामी यो कुरा अवगत गराउँछौं– डा महत भन्नुहुन्छ ।

महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयका प्रवक्ता प्रतापकुमार पाठकको विचारमा यो अभिसन्धि चेलीबेटी बेचविखनविरुद्धको संभावित उपचार हो । समस्याको समाधानका लागि उद्गमस्थलमै लक्षित गरी शैक्षिक जागरण र चेतना जगाउनुपर्ने आवश्यकता छ । उहाँ भन्नुहुन्छ– यो अभिसन्धि लागू गर्न प्रहरी संगठन, स्थानीय निकाय, सामुदायिक संस्था आदिको पनि सरकारलाई उत्तिकै सहयोग चाहिन्छ ।

यसैगरी सार्क शिखर सम्मेलनको पूर्वसन्ध्यामा संयुक्त राष्ट्रसंघीय महिला विकास कोष (युनिफेम) र सार्कबीच ३१ डिसेम्बर २००१ मा एक समझदारी पत्रमा हस्ताक्षर सम्पन्न भएको छ । उक्त समझदारी पत्र दुई संस्थाबीच समान लक्ष्य तथा प्राथमिकताहरूमा आधारित हुनुका साथै लैंगिक समानताको आवश्यकतामाथि केन्द्रित रहेको छ । मुलुकको सामाजिक तथा आर्थिक विकासका लागि मानवअधिकार, लैंगिक समानता, लैंगिक न्याय तथा महिला सशक्तीकरण आवश्यक रहेको तथ्यलाई महसुस गर्दै उक्त सझदारीपत्र तयार पारिएको हो । उक्त समझदारीपत्र र चेलीबेटी बेचविखनविरुद्धको अभिसन्धिबीच गहिरो सम्बन्ध रहेको कुरा सम्बन्धित पक्षले बताएका छन् । युनिफेमका प्राजेक्ट म्यानेजर अरुण थापा भन्नुहुन्छ– विगत एक दशकभन्दा बढी समयदेखि युनिफेमले पुरुष र महिलालाई दाँजेर हेर्दै सार्क क्षेत्रमा विभिन्न कार्यहरू गर्दै आएको छ । हालै सम्पन्न सार्क र युनिफेमबीच भएको हस्ताक्षरपछि सशक्तीकरणमा आधारित लैंगिक समानताका पक्षहरूलाई हासिल गर्न सहज हुनेछ भन्ने विश्वास लिइएको छ ।

नेपालले महिलाविरुद्ध हुने सबै प्रकारका भेदभावहरूविरुद्धको महासन्धि (सिडा), असंलग्न शिखर सम्मेलनको दिल्ली घोषणा, बालबालिकासम्बन्धी सार्कस्तरीय रावलपिन्डी घोषणालगायतका दर्जनौं महासन्धि तथा अभिसन्धिमा हस्ताक्षर गरिसकेपछि

प्रभावकारी कार्यान्वयन हुन नसकेको पृष्ठभूमिमा हालै जारी गरिएको सार्क सचिवालयले यसको कार्यान्वयन कत्तिको प्रभावकारी ढंगले गर्ला प्रतीक्षाकै विषय भएको छ ।

**उदाहरणीय बनेको महिलाहरूद्वारा सञ्चालित क्याटरिङ सेवा**

सूर्य थापा

नेपाली महिलाको आर्थिक हैसियतको स्तर पुरुषको तुलनामा दयनीय र न्यून छ । परम्परागत रूपमा नेपाली समाजमा महिलाहरूलाई घरगृहस्थी र चुलाचौकामा मात्र सीमित गर्ने गरिएको थियो । आमरूपमा नेपाली महिलाहरूले खाना पकाउने, पानीपँधेराको काम गर्ने र निजी परिधिमा कैद भएर जीवन बिताउने गर्दै आएको अवस्था विद्यमान रही आएको छ । सरदर दैनिक एघार घण्टा काम गर्दा पनि महिलाको अवस्थामा कुनै परिवर्तन नहुनु आश्चर्यजनक कुरा हो । यसो हुनुको कारण पितृसत्तात्मक सामाजिक मूल्य, शोषण र भेदभाव नै हो भन्ने कुरा ज्यादै थोरै महिलाहरूले मात्र बुझ्न सकेका छन् । तर महिलाहरूको आफूविरुद्धको शोषण र भेदभावलाई भने बुझ्न थालेका छन् ।

महिलाहरूले अवसर र प्रोत्साहन पाउनेबित्तिकै पुरुष सरहका जुनसुकै काम पनि सफलापूर्वक गरेर देखाउन सक्छन् । यसका अनगिन्ती उदाहरणहरू ज्यादै कट्टर समाजका महिलाहरू पनि बनेका छन् । नेपालमा पनि यस्ता थुप्रै उदाहरण छन्, जहाँ पुरुषले गरिरहेका कठिनतम काममा पनि महिलाहरू चुनौतीका साथ लाग्न थालेका छन् ।

हालसम्म पुरुष व्यवसायीहरूको मात्र एकलौटी वर्चश्व रहेको क्याटरिङ सेवामा काठमाडौं गोफल टोलका महिलाहरूले संगठित रूपमा आफ्नो उपस्थिति जनाएको क्याटरिङ सेवा सञ्चालन गर्दै आएका छन् ।

युथ कर्नर क्लब, गोफलले सञ्चालन गरेको प्रौढ कक्षाका सहभागी महिलाहरूले माँ पुचः अर्थात् आमा समूह गठन गरी क्याटरिङ सेवा चलाइरहेका छन् । विशुद्ध नाफाको निम्ति नभएर फुर्सदको समय सदुपयोय, आय आर्जन र सामूहिक भावना अभिवृद्धि गर्नका निम्ति २०५२ सालदेखि थालिएको क्याटरिङ सेवा विस्तारै लोकप्रिय बन्दै आएको छ । माँ पुचःका अध्यक्ष नानीशोभा डंगोल बताउनुहुन्छ– हामीले प्रौढ शिक्षाका सहभागी महिलाहरूबीच निरन्तर सम्पर्क, घनिष्ट सम्बन्ध र सामूहिक प्रयत्नले आयआर्जन गर्ने उद्देश्यले माँ पुचः गठन गरेका हौं र आयआर्जनको पहिलो नमूना क्याटरिङ सेवा बनेको छ ।

आर्थिक वर्ष ०५७/०५८ मा माँ पुचःले क्याटरिङ सेवाबाट १ लाख ४३ हजार ५ सय ५४ रुपैयाँ मुनाफा आर्जन गरेको थियो । उक्त मुनाफाको आधा हिस्सा समूहका सदस्यहरूले लाभांशको रूपमा प्राप्त गरेका थिए भने आधा हिस्सा भैपरी आउने समस्याका लागि उनीहरूको आफ्नै सामूहिक बैंकमा राखिएको कर्नर क्लबका अध्यक्ष श्रीकृष्ण महर्जनले बताउनुभयो । उहाँका अनुसार यस्तो रकम मूल जगेडा कोषमा करिब ५० हजार रुपैयाँ पुगिसकेको छ ।

क्याटरिङ सेवाको लागि सरसमान खरिद गर्न पाँच हजार रुपैयाँको छुट्टै सानो नगदी कोष छ । पुचःको आफ्नै कार्यालयमा टेलिफोन र एकजना कर्मचारी पनि राखिएको छ । माँ पुचःमा जम्मा ३२ जना सदस्यहरू रहेको र उनीहरूलाई मुनाफा रकमबाटै वर्षेनी गुलाबी रंगको सारी ड्रेसको रूपमा दिने गरिएको जानकारी गराउनुहुन्छ– पुचःका अध्यक्ष नानीशोभा डंगोल । उहाँका अनुसार समाजका अध्यक्ष गुजेश्वरी श्रेष्ठको सहयोग र प्रोत्साहनमा महिलाहरूले क्याटरिङ सेवा सञ्चालन गरेर अघि बढ्न सकेका हुन् । अहिले नाफा पनि ठीकै भइरहेको छ ।

अहिले माँ पुचः ले बढीमा तीन सयजना र घटीमा बीसजनासम्मको लागि सेवा उपलब्ध गराइरहेको छ । शहरमा चलिरहेका अन्य व्यावसायिक क्याटरिङ सेवाहरू ठूलाखाले भोजभतेरका लागि सक्रिय देखिन्छन् । तर माँ पुचःको क्याटरिङ सेवाले बीसजना र सो भन्दा बढी पनि संख्याका स-साना जमघटको लागि ज्यादै लोकप्रियता हासिल गरेको छ । अझ नेवारी परिकार त माँ पुचःको बेग्लै परिचय बनेको छ । समूहका महिलाहरू पालो गरेर खाना पकाउने, खुवाउने र भाँडा माझ्ने काम आफैंले गर्दछन् र त्यसवापत उनीहरूले काम गरेको दिन ज्याला पाउँछन् । यसले उनीहरूको आफ्नै आम्दानीको स्रोत बढ्नुका साथै त्यसमाथि आफ्नो अधिकार कायम गर्न सफल भएका छन् । प्राप्त ज्यालाको आम्दानी र लाभांश बचत गरेर उनीहरूले आफ्नो इच्छा र आवश्यकताअनुरूप खर्च गर्न पाएका छन् । तर धेरैले बचत गरेर संकट र समस्याको घडीका लागि भने साँचेका छन्– क्लबका अध्यक्ष महर्जनको कथन छ ।

काठमाडौंको गोफल टोलका महिलाहरूको उक्त क्याटरिङ सेवाले काठमाडौंका गोष्ठी, सेमिनार, विवाह, ब्रतबन्ध र परम्परागत नेवारी सांस्कृतिक भोजहरूमा राम्रै परिचय बनाइसकेको छ । यसका अतिरिक्त माँ पुचःले ककनी, नगरकोट, त्रिभुवन पार्क, गोदावरी, दक्षिणकाली र बालाजुका वनभोजस्थलहरूमा पनि सेवा पुऱ्याउँदै आएको छ । व्यस्त जीवनशैलीबाट मुक्त हुन र मनोरञ्जनका लागि आयोजना गरिने वनभोजहरूलाई अनुशासित र मर्यादित तुल्याउन तथा पारिवारिक वातावरण प्रदान गर्न

माँ पुचःका महिलाहरूको उपस्थितिले ठूलो मद्दत पुर्‍याउँदै आएको छ । 'आमा, दिदी बहिनीहरूले जस्तो क्याटरिङमा आउने महिलाहरूले जमघटमा ज्यादै प्रशंसायोग्य व्यवहार गर्दछन् । केही समयअघि ककनीको वनभोजमा माँ पुचःको क्याटरिङ सेवालाई नजिकबाट देखेका एकजना सहभागी बताउँछन्– कति ठाउँमा त आफ्नै घरमा जस्तो मीठो खुवाउनुभयो भनेर हामीले प्रशंसा पाउने गर्दछौं– अध्यक्ष नानीशोभाले आफ्नो अनुभव सुनाउनुभयो ।

माँ पुचःले क्याटरिङ सेवा सञ्चालन गर्न समूहमा आबद्ध महिलाहरूलाई कुनै औपचारिक र व्यावसायिक तालिम दिएको छैन । हामीले घरमा गर्दै आएको काम हो । दिनहुँ घरमा गरिरहेको काम बाहिर गएर गर्नका लागि केको तालिम लिनुपर्‍यो ? त्यो हामीले जानिराखेको सीप हो– माँ पुचःको क्याटरिङ सेवामा सक्रिय महिला चमेली डंगोलले भन्नुभयो ।

माँ पुचःमा श्रेष्ठ, डंगोल, महर्जनलगायतका लामा जातिका महिला पनि सहभागी रहेका छन् । साथै माँ पुचःले महिला कुकको सेवा पनि उपलब्ध गराउँदै आएको छ । प्रतिदिन २ सय ५० रुपैयाँको ज्यालादरमा महिला कुकको सेवा पनि माँ पुचःले उपलब्ध गराउँदै आएको छ ।

महिलाहरूले सञ्चालन गरेको क्याटरिङ सेवा सम्भवतः नेपालमै यो पहिलो हो । काठमाडौं उपत्यकामा रहेको परम्परागत सांस्कृतिक भोजको विशेष पहिचानका साथ थालिएको उक्त सेवाले देशभरिका महिलाहरूका निम्ति नयाँ सन्देश दिनसक्छ । काम गर्ने मन र जाँगर भए महिलाहरूले आफ्नै परम्परागत सीपको आधारमा आधुनिक शहरी वातावरणले सिर्जना गरेका अवसरहरूको सदुपयोग गरेर आम्दानी गर्न सक्छन् भन्ने कुरा कम्तीमा पनि महिला क्याटरिङ सेवाको यो प्रयत्नले देखाएको छ । यसक्रममा समस्या हुँदै नभएका होइनन् । टाढा-टाढाको काममा गएर बेलुका घर फर्कंदा ढिलो पनि हुन्छ । तर ढिलो भो भने कहिलेकाहीं घरमा गाली पनि खानुपर्छ– चमेली डंगोल बताउनुहुन्छ ।

महिलाहरूले संगठित भएर यो एउटा उदाहरणीय प्रयत्न अघिबढाएका छन् । तर उनीहरूले पर्याप्त काम भने पाइरहेका छैनन् । माँ पुचःका अध्यक्ष डंगोलका शब्दमा– अहिले हामीले पालो बाँडेर काम गर्छौं । यसो गर्दा समूहका एकजना सदस्यले वर्षमा पन्ध्र-सोह्रपटक मात्रै काममा जाने पालो पाउँदछन् । यसबाट स्वतः अनुमान गर्न सकिन्छ– हामीले कति काम पाइरहेका छौं ? उहाँको थप अनुभव छ– अर्कातिर समूहका सदस्यहरू पहिलेपहिले पालो आउँदा पनि काममा जान रुचि नदेखाउने, घरमा काम पर्‍यो भनेर टार्ने गर्दथे । तर आजभोलि मेरो पालो कहिले हो भनेर सोध्छन् र धेरैभन्दा धेरै दिन काममा जान पाए हुन्थ्यो भन्ने जाँगर देखाउँछन् । नानीशोभाको कथले के प्रष्ट्याउँछ भने महिला क्याटरिङ सेवा नाफामा त छ तर महिलाहरूले गर्न सक्नेजति काम उनीहरूले पाइरहेका छैनन् । प्रचारप्रसारको कमी वा सामाजिक संकीर्णता जेसुकै कारणले होस् यस्तो हुनु एउटा विडम्बना हो ।

नेपालमा हजारौं गैरसरकारी संस्था छन् । महिला सशक्तीकरणका लागि असंख्य तालिम, कार्यशाला गोष्ठी, अतरक्रिया, सेमिनार र छलफलजस्ता कार्यक्रमहरू दिनहुँजसो भइरहन्छन् । तर तिनीहरूले माँ पुचःलाई महिलाहरूकै संगठित प्रयासमा सशक्तीकरणको दिशामा एउटा प्रयत्न हो भनेर किन नसम्झेका होलान् भनेर माँ पुचःका अध्यक्ष नानीशोभा डंगोल प्रश्न गर्छिन् । त्यसैले महिला अधिकारका लागि लड्ने विभिन्न संघ/संगठनहरूले मात्र भए पनि माँ पुचः जस्ता महिलाहरूद्वारा सञ्चालित क्याटरिङ सेवालाई आफ्ना कार्यक्रममा सेवा दिने अवसर दिने हो भने पनि उहाँहरूजस्ता धेरै महिलाहरूको आयआर्जन वृद्धि हुन सक्छ र उक्त कार्य पनि महिला सशक्तीकरणका लागि एउटा प्रभावकारी प्रयास हुनसक्छ । यस्तो हुनसक्यो भने मात्र पनि माँ पुचः जस्ता संस्थाहरूले क्याटरिङ व्यवसायमा महिला सहभागिता र हस्तक्षेपकारी भूमिका कायम गर्न सक्छन्, जुन नेपाली महिलाहरूको लागि एउटा महत्वपूर्ण हुन सक्छ । फलस्वरूप देशभरि यस्ता अरू थुप्रै उत्साही महिलाहरूले क्याटरिङ मात्र होइन, अन्य नयाँ क्षेत्रमा पनि थुप्रै नमूनायोग्य काम गरेर देखाउन सक्छन् ।

**छोरा पाउने आशमा उपवास बस्न बाध्य छन् महिलाहरू**

चन्द्रकिशोर झा

धार्मिक वा चिकित्सकीय आस्थाका कारण आफूखुशी ब्रत गर्नु, उपवास बस्नु व्यक्तिगत स्वतन्त्रताभित्रका कुरा हुन् । तर जब कुनै महिलालाई अन्धविश्वासका कारणले जबर्जस्ती उपवास बस्न बाध्य पारिन्छ तब त्यो कुरा महिलामाथिको यातना हुन जान्छ । यस्तो चलन तराईका अधिकांश महिलाहरूमा अहिले पनि पाइने गरेको छ ।

आजभन्दा तीन वर्षअगाडि सर्लाही बलरा निवासी आरती झा (नाम परिवर्तन) को विवाह रौतहट जिल्लाको मत्सरी गाविसमा भयो । यस अवधिमा उसले कुनै सन्तान पाइनन् । त्यसैकारण उनलाई सासूले कुनै ज्योतिषीले भनेको आधारमा प्रत्येक साताको बिहीबार उपवास गर्न दबाब दिइन् । उपवासको दिन आरतीले अन्नपानी केही पनि ग्रहण गर्न पाउँदिनन् । चौबीस घण्टा बाध्यतावस भोकै बस्नुपर्दछ । यसले गर्दा उनी दुब्लाउन पुगेकी छिन् ।

तराईका गाउँघरमा गाउँपिच्छे आरतीजस्ता महिला यातनाका शिकार भइरहेका छन् । कसैले छोरा पाउन, कसैलाई श्रीमान्‌ले जागिर पाउन वा कसैलाई राम्रो दुलाहा पाउनका लागि उपवास बस्न बाध्य पारिन्छ । भारती भन्छिन्– सन्तान पाउने कसको रहर हुँदैन, तर त्यसका लागि जबर्जस्ती भोकै बस्न बाध्य पार्नु हुँदैनथ्यो । तर उसको गुनासोप्रति कसैको कुनै चिन्ता छैन । बरु गाउँ-समाजकाहरूले पनि राम्रो गरी भनी भन्न थालेका छन् ।

जनकपुरकी महिला समाजसेवी सरस्वती चौधरी भन्छिन्– बाध्य पारेर उपवास गर्न लगाउनु भनेको यातना हो । यसप्रति समाज जागरुक हुनैपर्दछ । उता महोत्तरी बथनाहाकी मीना झा भन्छिन्– महिलाका लागि पति र सन्तानबाहेक अर्थोक के नै हुन्छ र त्यसैले पति वा सन्तानका लागि उपवास गरिन्छ भने त्यो त स्वभाविक नै हो ।

यसरी आमा वा सासूद्वारा छोरी वा बुहारीलाई उपवास गर्न बाध्य पारिनुलाई सामाजिक मान्यताले प्रेरणा दिएको अर्थमा स्वीकार गरिएको पाइन्छ । आजकल तराईमा यस्तै परम्पराको प्रभावले आइतबार, सोमबार, मंगलबार, बिहीबार, शुक्रबार र शनिबार उपवास बस्ने गरिएको छ । ज्योतिषीको सल्लाह वा देखासिकी गरी आफूखुशीका दिनमा रोजेर उपवास गरिन्छ वा गर्न लाइन्छ । कोहीकोही एकादशी, चतुर्दशी वा पूर्णिमाका दिन पनि उपवास बस्छन् । तर विशेषगरी मंगलबार र बिहीबार उपवास गरिएको बढी पाइन्छ ।

वीरगञ्ज उपमहानगरपालिका-१४ की रजनी चौधरीको यस्तै व्यथा छ । प्रमाणपत्र तह उत्तीर्ण गरेकी रजनीको बिहेका लागि उसको परिवार दुई वर्षदेखि वरको खोजी गरिरहेको छ तर दाइजोका कारणले गर्दा कहीं कतै छिनोफानो हुन सकिरहेको छैन । हरेश खाएर उसको परिवारले कसैको सुझावमा प्रत्येक सोमबार उनलाई उपवास गर्न लगाएका छन् ।

एमनेष्टी इन्टरनेसनल वीरगञ्जका अध्यक्ष अधिवक्ता दीपकराज भण्डारी भन्छन्– कसैलाई इच्छाविपरीत उपवास बस्न लगाउनु हुँदैन । बस्ने-नबस्ने उसको स्वेच्छामा छोडिनुपर्दछ । दबाबमा गराइएको कार्य त कानुनको उल्लंघन मानिन्छ ।

यस्ता खालका विकृति सामाजिक तवरबाटै अन्त्य गर्नुपर्छ भन्नुहुन्छ– समाजशास्त्री डा. कुलानन्दलाल दास । उपवास बसेर सन्तान हुने, सुयोग्य वर पाउने वा रोजगारी पाउनेजस्ता कुरामा विश्वास गर्नु भनेको अन्धविश्वास हो । तर यस्ता खालका अन्धविश्वास शिक्षित परिवारहरूमा पनि देखिने गरिएको छ ।

ज्योतिषशास्त्रमा समेत रुचि राख्ने मैथिली साहित्य परिषद्‌का अध्यक्ष कालिकान्त तृषित भन्छन्– उपवासको महत्व ज्योतिषीय विज्ञानमा छ, तर बढी उपवास बस्नु पनि सीमाको उल्लंघन हो । अध्यक्ष तृषित तराईवासी महिलाहरूमा आफूखुशी पनि पति वा सन्तानका लागि बढी उपवास बस्ने प्रवृत्तिलाई अन्धविश्वास भएको बताउँदै यसका लागि चेतनामूलक कार्यक्रमको आवश्यकता रहेको बताउनुहुन्छ । भोजपुरी लेखिका गजल झा उपवास बस्ने प्रवृत्तिले महिलाहरूको शारीरिक तथा मानसिक शोषण हुन पुगेको बताउँछिन् ।

नारायणी उपक्षेत्रीय अस्पताल वीरगञ्जका डा. सुशीलकुमार चौधरी भन्छन्– बढी उपवास बस्ने महिलाहरूमा रक्तअल्पता, हातखुट्टा दुख्ने, चिडचिडाहट तथा ग्याष्ट्रिकजस्ता समस्याहरू देखापर्दछन् । अर्का डा. श्यामसुन्दर दासका अनुसार तराईका धेरैजसो महिलाहरूमा ग्याष्ट्रिक देखापर्नुको प्रमुख कारण बढी उपवास बस्नुपर्ने कारण नै हो । एक त तराईका अधिकांश महिलाहरूले पोषित भोजन खान पाइरहेका हुँदैनन् भने अर्कोतिर बढी उपवास गर्नाले शारीरिक स्वस्थतामा असन्तुलन ल्याउँछ ।

घरपरिवारबाट उपवास बस्न महिलाहरूलाई बाध्य पार्ने काम अधिकांश रूपमा सासू वा आमाबाटै हुने गरेको पाइन्छ । सामाजिक परम्पराले गर्दा यस्ता कुराहरू सामान्यजस्ता देखिन्छन्, तर यी असामान्य कुरा हुन्– रौतहट क्षेत्र नम्बर ४ का सांसद डा. वंशीधर मिश्र भन्नुहुन्छ । दबाब दिएको अवस्थामा यसले महिलाहरूको शारीरिक र मानसिक अवस्थामा प्रतिकूल प्रभाव पार्दछ, त्यसैले यसो गर्नु आपत्तिजनक भएको दाबीसमेत उहाँ गर्नुहुन्छ ।

रौतहट मत्सरीकै एउटै केटी (नाम नराखिएको) को बिहे भएपछि दाइजोको कारणले श्रीमान्‌ले गौना नगराएपछि कैयौं वर्षसम्म माइतीमै बसेको अवस्थामा उनलाई परिवारबाट उपवास गर्न बाध्य पारिएपछि उसको शारीरिक अवस्था कमजोर भएको जानकारी सोही गाउँकी शालिनी चौधरी देवी दिन्छन् ।

पर्सा सुरजहाका रामराज्य यादवका अनुसार यसरी उपवास गर्न बाध्य पारिने कार्य र प्रवृत्ति प्रायः उपल्लो जातिमा नै देखिन्छ । जनजाति र आदिवासी समुदायमा प्रायः यस्ता परम्परागत र प्रवृत्ति देखापरेको छैन ।

प्रायः मान्छेहरू महिलाहरू त स्वभावले नै पति र सन्तानका लागि जेसुकै गर्न समर्पित हुने तथा ब्रत उपवास गर्न अग्रसर हुने भएकाले यस्ता मामिलामा शोषण भएको छ भन्दा एकछिन आश्चर्यमा पर्छन् । रामभरोस कापडी 'भ्रमर' महिलाहरूमा रहेको

असुरक्षाभावको कारणले गदा उनीहरू पूजापाठ, व्रत-उपवासतिर उन्मुख भएको हुनसक्ने विश्लेषण गर्नुहुन्छ । केही समाजसेवी महिलाहरूले उपवास बस्न बाध्य पारिनु महिलामाथि ज्यादती भएको हो र यो प्रवृत्ति अन्धविश्वास नै हो भन्ने स्वीकार गरे तापनि यसको उद्देश्य कसैको भलो चिताउनु हो भनेर सहज रूपमा यसलाई ग्रहण गरिनुपर्ने आग्रह गर्छन् ।

**वडा सदस्य होइन 'श्रीमती...' भनेर सम्बोधन गरिंदा !**

बाबुराम ढकाल

तपाईले कुन पार्टीबाट चुनाव जित्नुभएको ? प्रश्न पूरा हुन नपाउँदै सावित्री चौधरी भन्छिन्– सूर्य पार्टीबाट ।

नेपालमा 'सूर्य' नाम गरेको कुनै पार्टी नै छैन । त्यो त एउटा पार्टीको चुनाव चिन्ह हो, होइन र ? अब भने सावित्रीलाई निकै अप्ठेरो पर्‍यो । निकैबेर घोरिंदा पनि आफ्नो पार्टीको नाम भन्न नसकेपछि नजिकै रहेकी आफ्नी साथी चमेलीदेवी चौधरीतर्फ फर्केर भन्छिन्– ए तु बता दे न कौन हो रे, हामरा पार्टी ?

आफ्नी साथी सावित्रीको प्रश्न सुनेपछि तात्तातो जवाफ फर्काउँदै चमेली देवी भन्छिन्– मै का जानु तोहोर पार्टी ? हामर पार्टी रूख हो ।

सावित्री चौधरी र चमेलीदेवी चौधरी दुवैजना रूपन्देही जिल्लाको खडगवा वनगाई गाविस वडा नं. ७ का जनप्रतिनिधि हुन् । फरक कत्ति मात्र छ भने सावित्री नेकपा एमालेको तर्फबाट निर्वाचित वडा सदस्य हुन् भने चमेलीदेवी नेपाली कांग्रेसको तर्फबाट मनोनीत सदस्य । नेपाली कांग्रेसको पूर्ण बहुमत रहेको उक्त गाविसको वडा नं. ७ का लागि मनोनीत गरिएकी चमेली देवीबाहेक अरू सबै जनप्रतिनिधि नेकपा एमालेका रहेका छन् ।

सामान्यता संसद् तथा मातहतका स्थानीय निकायहरूमा जुन पार्टीको महुमत छ, त्यही पार्टीका मानिसहरूको प्रभाव बढी हुने र प्रतिपक्षको आवाज दमित हुने गर्दछ । नेपालको मात्र नभएर अन्य प्रजातान्त्रिक देशमा पनि यस्तो हुने गरेको छ, यसको प्रत्यक्ष प्रभाव खडगवा वनगाई गाविसमा देखिनु अनौठो होइन । तर सो गाविसका यी दुई जनप्रतिनिधिले भोगेको एउटै समस्यालाई केलाउने हो भने राजनीति केवल सत्ता र प्रतिपक्ष पार्टीहरूबीच मात्र चल्ने गर्छ भन्ने सोचाइ राख्नेहरूलाई एउटा राम्रो पाठ सिकाउँछ । सावित्री र चमेलीदेवी एकैसाथ भन्छन्– जहिले पनि बोल्न खोज्यो आफ्नै पार्टीका सदस्यहरूले आइमाई भएर बढी जान्न हुने भन्दै रोक्ने गर्छन् । हामीलाई हाम्रो पार्टीका साथीहरूले पनि केवल आइमाईको व्यवहार गर्छन्, जनप्रतिनिधिको होइन ।

यी दुई जनप्रतिनिधिलाई आफूलाई समाजले जनप्रतिनिधिको रूपमा नहेरेर केवल आइमाईको रूपमा हेरेकोमा जति चिन्ता छ, त्यत्तिकै चिन्ता गाउँ विकास समितिमा भएको भ्रष्टाचार रोक्न नसकेकोमा छ । वडा नं. ३, ४ र ९ मा बिजुली बत्ती पुर्‍याउने भनेर पोहोरपरार अन्य वडाको बजेट काटियो । तर न ती वडामा बत्ती बल्यो न त त्यो रकम अन्य कुनै काममा खर्च गरियो । त्यो बजेट कहाँ गयो ? भनेर सोध्दा आइमाई भएर बढ्दा जान्ने हुने भन्छन् । वडा सदस्यद्वय सावित्री चौधरी र चमेलीदेवी चौधरीले एकैसाथ बताए ।

निर्धारित समयमै निर्वाचन हुने हो भने अहिलेका स्थानीय निकायका जनप्रतिनिधिहरूको कार्यकाल सकिन अब केही महिना मात्र बाँकी छ । लैंगिक समानताको दृष्टिले स्थानीय निकायका जनप्रतिनिधिहरूको यो ५ वर्षको अवधि नेपालको इतिहासमै अत्यन्त महत्वपूर्ण रहेको छ । किनकि स्थानीय निकायको विकासमा महिलाहरू पनि सहभागी हुनुपर्छ, राजनीतिक तहमा महिला नेतृत्वको विकास गर्नुपर्छ भन्ने महसुस गरेर सरकारले पहिलोपटक देशका प्रत्येक नगरपालिका, गाउँ विकास समितिका प्रत्येक वडाका ५ जनप्रतिनिधिमध्ये एकजना महिला हुनैपर्ने व्यवस्था गरेको थियो । त्यहीअनुसार हालको स्थानीय निकायमा कम्तीमा ३६ हजार महिलाहरू निर्वाचित जनप्रतिनिधि भएका छन् । जुन एउटा ऐतिहासिक रेकर्ड नै हो ।

सरकारले प्रत्येक वडाका ५ जना जनप्रतिनिधिमध्ये एकजना महिला हुनैपर्ने व्यवस्था गरेपछि सबै पार्टीले गत स्थानीय निर्वाचनमा त्यहीअनुसार महिलाहरूलाई उम्मेदवार बनाए र जिताए पनि । तर ती महिला जनप्रतिनिधिहरूलाई सरकार, राजनीतिक पार्टी र समाज कतैबाट पनि जनप्रतिनिधिको रूपमा व्यवहार गरिएन । रूपन्देहीका एकजना सामाजिक कार्यकर्ता यो कुरालाई अझ खुलस्त पार्दै भन्छन्– ती महिला जनप्रतिनिधिलाई यस अवधिमा पठाइएका चिठीपत्रहरू हेर्नुस् तीमध्ये धेरैमा श्रीमती... भनेर मात्र सम्बोधन गरिएको हुन्छ, यो गाविसको, यो नगरपालिकाको अध्यक्ष वा यो वडाको जनप्रतिनिधि त

लेखिएको हुँदैन । जब कि त्यही हैसियतको पुरुषलाई आदरार्थी शब्द प्रयोग गरेर, के-कस्तो ढंगले सम्बोधन गरेर पत्र पठाइन्छ त्यो हामी सबैलाई थाहा हुँदैन ।

म आफैंले त्यस्तो प्रताडित हुनुपरेको छैन, तर मेरा धेरै साथीहरूले महिला भएकै कारण समान हैसियत बोकेका पुरुष जनप्रतिनिधिबाट अहिले पनि अपहेलना सहनुपरेको छ । त्यस्तो कुरा उहाँहरूले मलाई बताउनुहुन्छ । तर त्यसको सही ढंगले प्रतिकार गर्न सकिएको छैन । बुटवल नगरपालिका वडा नं.१० कि अध्यक्ष रुक्मणी ज्ञवाली अहिले आफूलाई ठाडो रूपमा तँ महिला भएकीले यो काम गर्न सकिनस् भनेर कसैले भन्न नसकेको बताउँदै सुरुमा भने सबैतिरबाट अविश्वासको वातावरण रहेको बताउँछिन् । स्थानीय निकायमा प्रतिनिधित्व गरेका महिलाहरूको शैक्षिक योग्यता र राजनीतिक चेतनाको कमीले गर्दा नै महिला स्वरले आवश्यकताअनुरूप मान्यता पाउन नसकेको हो– अध्यक्ष ज्ञवाली दाबी गर्छिन् ।

केही समयअघि फिलिपिन्समा सम्पन्न एसिया प्यासेफिक क्षेत्रका महिला जनप्रतिनिधिहरूको सम्मेलनमा सहभागी भएकी वडाध्यक्ष ज्ञवाली त्यहाँ भोगेको एउटा तीतो अनुभव कहिल्यै बिर्सन सक्दिनन् । त्यो महिला मेयर, उपमेयर सहभागी हुने सम्मेलन रहेछ । तर नेपालमा एकजना पनि महिला मेयर वा उपमेयर नभएकाले वडाध्यक्ष भए पनि मलाई पठाइएको थियो । अरू देशका सहभागीहरूले थाहा पाए, तब नेपालका महिलाहरूको अवस्था देखेर उनीहरूले जिब्रो टोके, के नेपाल अझै पनि यति साह्रै पिछडिएको छ ? उनीहरूले एकै साथ प्रश्न गरे– उनको भनाइ छ ।

रूपन्देही त एउटा उदाहरण हो । महिला भएकै कारण समाजका विभिन्न तह र क्षेत्रबाट अनेक किसिमका भेदभाव, प्रताडना सहने जनप्रतिनिधिहरूको संख्या हजारौं छ । रूपन्देहीजस्तो देशको सबैभन्दा सुविधासम्पन्न जिल्लाका महिला जनप्रतिनिधिहरूले त ५ वर्षको कार्यकालमा आफ्नो राजनीतिक पार्टीको नाम भन्न सक्दैनन् भने डोल्पा, मुगुजस्ता दुर्गम जिल्लाका प्रतिनिधिहरूको अवस्था कस्तो होला ? कल्पना गर्न पनि गाह्रो पर्छ । के सरकार र राजनीतिक पार्टीहरूले दिंदै आएको महिला उत्थानको नाराको औचित्य केवल यति मात्रै हो त ? नेकपा एमाले लुम्बिनी अञ्चल सचिव रामनाथ ढकाल अन्य पार्टीहरूको तुलनामा आफ्नो पार्टी सबै तहमा महिला नेतृत्वको विकास गर्न संवेदनशील रहेको दाबी गर्नुहुन्छ । हाम्रो पार्टीको केन्द्रीय, स्थानीय निकाय विभागले हरेक वर्ष स्थानीय निकायका महिला जनप्रतिनिधिहरूको भेला राखेर समस्या पहिचान गरी समाधानको लागि पहल गर्ने गर्दछ । पार्टीले अगाडि सारेको २२ बुँदे राष्ट्रिय सहमतिको प्रस्तावनामा स्थानीय निकायमा ३५ प्रतिशत सीट महिलाको लागि छुट्याइनुपर्ने कुरा अगाडि सारेको छ । यसबाट पनि महिला उत्थानको लागि हाम्रो पार्टी कति गम्भीर छ भन्ने स्पष्ट हुन्छ– ढकाल भन्नुहुन्छ । त्यही संवेदनशीलताले गर्दा नै होला होइन ? ५ वर्षको अवधिमा तपाईंको पार्टीका जनप्रतिनिधिले पार्टीको नाम भन्न पनि नजान्ने भन्ने प्रश्न गर्दा ढकाल भन्नुहुन्छ– तपाईंले कहाँबाट त्यस्तो जनप्रतिनिधि भेट्टाउनुभयो मलाई थाहा छैन । यदि वास्तविकता तपाईंले भनेझैं छ भने हामी गम्भीर हुनैपर्छ ।

यसैगरी नेपाली कांग्रेसका स्थानीय नेता रामप्रसाद खनाल आफ्नो पार्टी अन्य कुनै क्रान्तिकारी पार्टीभन्दा पनि बढी सशक्त रूपले महिला जनप्रतिनिधिहरूको अवस्था सुधार गर्न कटिबद्ध रहेको दाबी गर्नुहुन्छ । तपाईंले माले-एमालेहरू र हामीलाई एक-अर्कामा तुलना गरेर हेर्नुस्, वास्तविकता थाहा पाइहाल्नुहुन्छ– उहाँ भन्नुहुन्छ ।

यो घटनाले के स्पष्ट पार्छ भने राजनीतिक पार्टीहरू महिला समानताको कुरा केवल अर्को पार्टीको तुलना गरेर नारा लगाउनको लागि मात्र उठाउँछन् । वास्तविक रूपले समानता होस् भनेर होइन । यदि राजनीतिक पार्टीहरूमा महिलाहरूलाई हरेक क्षेत्रमा अगाडि बढाउने सोच, चिन्तत हुन्थ्यो भने स्थानीय निकायमा महिला सहभागितालाई अनिवार्य गरिएको यो ५ वर्षको अवधिमा सावित्री र चमेलीदेवीजस्ता हजारौं महिला जनप्रतिनिधिले 'आइमाई' हुनुको पीडा भोग्नुपर्ने थिएन । तर महिलाहरूलाई केवल 'भोटको एउटा पाटो मात्र' सम्झिने राजनीतिक पार्टी र तिनका नेताहरूको गलत मानसिकताकै कारण स्थानीय निकायमा महिला सहभागिता संख्यात्मक रूपमा बढे पनि त्यसले महिलाहरूको नेतृत्व विकासमा अपेक्षाकृत रूपमा परिणाम दिन सकेको छैन । स्थानीय निर्वाचन नजिकिंदै रहेको यो बेला राजनीतिक तहमा महिला सहभागिताको चर्चालाई महत्व दिइरहेको बेला सावित्री र चमेलीदेवीहरूले भोग्नुपरेको पीडालाई विश्लेषण गरिनुपर्ने आवश्यकता टड्कारो रूपमा देखिएको छ ।

**अर्थतन्त्रमा महिला सहभागिताको आवश्यकता**

विजय घिमिरे

आउने मार्च महिला विश्वले अन्तर्राष्ट्रिय महिला दिवस मनाउने गर्छ । मार्च आठका दिन मनाइने उक्त दिवस विकसित देशका महिलाका लागि खासै महत्वको हुने छैन । किनकि त्यहाँका महिला र पुरुषमा खासै भेद छैन । समान अवसर छ र आर्थिक विकास र आयआर्जनमा समान रूपमा उनीहरू सक्रिय छन् । तर, अल्पविकसित देशमा यस्तो छैन । संयुक्त राष्ट्रसंघका अनुसार गरिबीले बढी महिलाहरूलाई छोएको छ र घट्न सकेको छैन । नेपालमा शिक्षा, स्वास्थ्य, लघुकर्जाजस्ता क्षेत्रमा

महिलाको पहुँच कम छ। भर्खर मात्र प्रकाशित नेपालको मानव विकास प्रतिवेदनअनुसार ४० प्रतिशत बालिका प्राथमिक शिक्षाको पहुँचबाट बाहिर छन्।

रूपन्देही जिल्लाको मर्चवार क्षेत्रका विपन्न अवस्थामा रहेको परिवारको आर्थिक र सामाजिक स्थितिमा केही समययता परिवर्तनहरू आएका छन्। आयआर्जन र आर्थिक क्रियाकलापप्रतिको स्थानीय जनताको उत्साहले बालबालिकाको कुपोषणमा कमी आएको छ, विद्यालय जाने क्रम बढेको छ, स्वास्थ्यप्रतिको पहुँचमा वृद्धि भएको र अन्य सामाजिक विकृतिमा कमी आएको छ। यो रूपान्तरणको नेतृत्व गरेका छन् त्यहाँका महिलाहरूले। त्यहाँ महिलाहरू अहिले आफैं बचत कोष चलाउँछन् र आयआर्जनको कार्यमा यसलाई उपयोग गर्छन्। स-सानो रकमले उनीहरूले आफ्नो जीवनस्तरमा सुधार ल्याएका छन्। यहाँ मात्र होइन, थुप्रै ग्रामीण क्षेत्रमा महिलाहरूले बचत तथा ऋण संस्थाहरू सञ्चालन गरिरहेका छन्। ठूलाठूला पुँजीका सरकार वा केन्द्रीय बैंकको संलग्नता रहेको वित्तीय सहभागिता असफल भएको समयमा महिलाद्वारा सञ्चालित बचत संस्थाहरू भने सफल देखिन्छन्। अहिले नेपालको विकास हुन्छ भन्ने आशाको केन्द्र पनि यस्तै महिलाद्वारा सञ्चालित लघुकर्जा कार्यक्रम र उनीहरूको आयआर्जनमा बढ्दो सहभागिता मुख्य हो।

ढिलै भए पनि नेपालका योजनाविद्ले महिलालाई अझ बढी आर्थिक विकासको मूलधारमा नल्याई गरिबी निवारणमा सफलता प्राप्त नहुने वास्तविकतालाई महसुस गरेका छन्। राष्ट्रिय योजना आयोगका उपाध्यक्ष पृथ्वीराज लिगलका अनुसार गरिबी घटाउने मुख्य लक्ष्य रहेको आगामी आर्थिक वर्षदेखि कार्यान्वयनमा ल्याइने दशौं योजनामा आर्थिक रूपान्तरणका लागि महिलालाई केन्द्रबिन्दु बनाएर अगाडि बढाइने छ। महिलालाई सशक्तीकरणको माध्यमबाट अगाडि ल्याइने उक्त योजनाको मुख्य लक्ष्य रहेको छ। गरिबी घटाउने मुख्य लक्ष्य राखिए पनि नवौं योजना आशातित सफल हुन सकेन। उक्त योजना सुरु हुँदाको ४२ प्रतिशतमा रहेको नेपालको निरपेक्ष गरिबीलाई ३२ प्रतिशतमा झार्ने लक्ष्य राखिए पनि यो प्रतिशत ३८ मा मात्र आएको योजना आयोगले जनाएको छ। यो गरिबीमा महिला बढी प्रभावित भएको अनुमान गरिएको छ। नवौं योजनामा लक्ष्यमा असफल भएपछि महिला सहभागिताको आवश्यकता महसुस गरिएको हुँदा योजनाकारहरू केही संवेदनशील रहेको देखाउँछ। योजना आयोगका अर्का सदस्य डा. शंकर शर्मा देशको गरिबी निवारणका लागि सबै अहिले पछाडि परेका क्षेत्रलाई अगाडि ल्याउनु आवश्यक रहेको हुँदा महिला सहभागितालाई जोड दिनुपरेको हो भन्नुहुन्छ। नेपालको योजना र कार्यक्रमहरूको कार्यान्वयनमा खासै महत्व नदिइने हुँदा योजनामा हुँदैमा बढी आशावादी त हुन सकिँदैन तर, एउटा तथ्य के हो भने आगामी दिनमा आर्थिक क्रियाकलापमा महिलाले महत्व पाउने देखिन्छ।

आँकडाहरू नभए पनि देशको कुल गार्हस्थ उत्पादन (जीडीपी) मा महिलाको भूमिका कम छैन। जीडीपीमा सबैभन्दा बढी योगदान गर्ने क्षेत्र कृषि क्षेत्रमा महिलाको अप्रत्यक्ष सहभागिता उच्च रहेको छ। सुदूरपश्चिमाञ्चलका क्षेत्रहरूमा कृषि कार्यमा पुरुषको दाँजोमा महिलाको सहभागिता उच्च रहेको छ। नेपालमा मात्र होइन, अन्य अल्पविकसित देशमा पनि महिलाहरूले बढी अन्न उत्पादन मात्र गर्दैनन्, बालबालिकाको शिक्षा र बसोबासको जिम्मेवारी पनि पुरुषको दाँजोमा बढी उठाउँदै आएका छन्। तर शिक्षामा उनीहरूको पहुँच ज्यादै थोरै छ। हालै मात्र सार्वजनिक गरिएको दक्षिण एसिया मानव विकास प्रतिवेदनअनुसार नेपालमा हेर्ने हो भने झण्डै एक चौथाइ महिलामात्र शिक्षित छन्। डा. शर्माका अनुसार एउटा बालकलाई एक वर्ष शिक्षा दिने हो भने उसले परिवारको आम्दानीमा थप ४ प्रतिशत योगदान गर्छ, बालिकालाई त्यति नै समय पढाउने हो भने शिशु मृत्युदरमा २० प्रतिशत कमी आउँछ। बालिकालाई माध्यमिक तहसम्मको शिक्षा दिने हो भने प्रजनन दर ४० प्रतिशतले घट्छ।

साँच्चै नै महिलालाई आर्थिक विकासको मूल धारमा ल्याउने हो भने पहिलो आवश्यक पक्ष हो– शिक्षामा उनीहरूको सहभागितामा जोड दिनुपर्छ। केही साताअघि मात्र भएको क्यान सूचना प्रविधि सम्मेलनमा झण्डै ५० प्रतिशत महिलाहरूले अवलोकन गरे। त्यहाँ महिला सहभागितामा उल्लेखनीय थियो। यस्तो हुनुको प्रमुख कारण शिक्षा नै हो। कुनै सरकारी योजना तथा कार्यक्रमका कारण महिलाहरूको सहभागिता बढेको होइन। काठमाडौंमा शिक्षित महिलाहरूको संख्या बढेकाले उनीहरूको नयाँ कार्यप्रति उत्साह जागेको हो। यसबाट के प्रष्ट हुन्छ भने महिलाहरूलाई शिक्षा दिनु पहिलो आवश्यकता छ। त्यसपछि उनीहरूलाई आर्थिक गतिविधिभित्र ल्याउन सरल हुन्छ। सूचना प्रविधिप्रति महिलाहरूले देखाएको उत्साहलाई सरकारका नीति तथा कार्यक्रमले केही गर्न सक्यो भने यो ठूलो सफलता हुनेछ देशको आर्थिक विकासका लागि। सन् १९६० मा दक्षिणकोरिया, जापान, इन्डोनेसियाजस्ता पूर्वी एसियाली देशहरूले महिलालाई शिक्षा दिएजस्तै कार्य दक्षिण एसिया र अफ्रिकाका देशहरूले दिएको भए यस क्षेत्रको आर्थिक वृद्धि पनि प्रत्येक वर्ष प्रतिव्यक्ति आयमा उल्लेखनीय वृद्धि मात्र होइन जीडीपीमा पनि उच्चवृद्धि हुने विश्व बैंकले प्रकाशित गरेको लैंगिक विकाससम्बन्धी एक प्रतिवेदनमा उल्लेख गरिएको छ। पूर्वी एसियाली देशहरूले विकासमा फड्को मार्नुको पछाडि महिलाको सहभागिता पनि प्रमुख छ। यी देशको जीडीपीमा महिलाको योगदान उच्च छ र सूचना प्रविधि र प्राविधिकलगायत अन्य विभिन्न क्षेत्रमा महिलाको सहभागिता झण्डै पुरुषसरह नै छ।

विश्व बैंकका अध्यक्ष जेम्स उल्फेन्सनका अनुसार महिलाको सहभागिता वृद्धि प्रभावकारी विकासका लागि एउटा मात्र प्रमुख मुद्दा हो। त्यसैले विश्व बैंकले अहिले अरबौं डलर बालिकाको शिक्षा, लघुकर्जा, मातृ स्वास्थ्यजस्ता क्षेत्रमा जोड दिएको छ।

कृषिमा उत्पादकत्व वृद्धिमा समेत महिलालाई शिक्षा दिनु आवश्यक रहेको अर्को प्रतिवेदनले देखाएको छ । लण्डनबाट प्रकाशित हुने द इकोनोमिष्टले अर्थतन्त्रमा महिला सहभागिताको बारेमा एक प्रतिवेदनको उद्धृत गर्दै लेखेको छ– यदि क्यामरुन र केन्याका महिलाहरूले त्यहाँ पुरुषले पाएजस्तो शिक्षा र अन्य अवसर पाउने हो भने अहिले जति अन्न उत्पादन भइरहेको छ त्योभन्दा पाँचगुना बढी उत्पादन हुन सक्छ । यसले के देखाउँछ भने नेपालको कृषि क्षेत्रको उत्पादकत्व वृद्धि गर्ने हो भने महिलाको सहभागिता वृद्धि गर्नु जरुरी छ । नेपालको सफल मानिएको वाणिज्य बैंक स्टान्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेडमा संभवत अन्य बैंकहरूभन्दा बढी महिला कार्यरत छन् । महिलाहरूले आफैं सहकारी बैंक स्थापना गरी राम्रोसँग सञ्चालन गरिरहेका उदाहरण पनि छन् ।

कुल जनसंख्यामा देशको आधाजति हिस्सा ओगट्ने महिलाको स्थिति अहिले राम्रो छैन । पुरुष र महिलाबीचको भेदभावपूर्ण व्यवहार विद्यमान छ भने समान कार्यका लागि पनि महिलाहरूलाई पुरुषको दाँजोमा न्यून पारिश्रमिक दिइन्छ । साना तथा घरेलु उद्योग र आधुनिक विकास भएका सेवा क्षेत्रमा महिलाहरूको सहभागिता अहिले पनि न्यून छ । निजामती सेवा क्षेत्रमा ८ दशमलव ५५ प्रतिशत मात्र महिलाको सहभागिता छ । आर्थिक विकासको मूलधारमा महिलाको सहभागिता अझै आउन सकेको छैन । देशकै योजना बनाउने राष्ट्रिय योजना आयोगमा एकजना पनि महिलाको सहभागिता छैन । आर्थिक विकासमा महिलाहरूलाई मूलधारमा ल्याउने दसौं योजनाको प्रयास ढिलो भए पनि पनि सकारात्मक भने छ । महिलाहरू आयआर्जनतर्फ, सूचना प्रविधितर्फलगायत अन्य चुनौतीपूर्ण कार्यतर्फ लान खोजेको बेला यो स्थितिलाई सहयोगात्मक कार्य गर्नुपर्छ । यसले गर्दा आर्थिक विकासको मूलधारमा महिलाको सहभागितालाई वृद्धि गर्न सकिन्छ ।